# भरतपुर महानगरपालिका

## नगरकार्यपालिकाको ६२ औं बैठकका निर्णयहरू

## (२०७८ पुस ३० गते)

१. भरतपुर महानगरपालिकाको गत आव २०७७।७८ को स्थानीय तह संस्थागत स्वमूल्याङ्कनः LISA को सफ्टवेयरमा महानगरका संस्थागत उपलब्धिहरुलाई तोकिएको मापदण्ड बमोजिम प्रविष्टि गरी पठाइएकोमा जिल्ला समन्वय समितिबाट प्राप्त पृष्ठपोषण समेतलाई समावेश गर्दा जम्मा अङ्क औषत ७८ प्रतिशत प्राप्त भएकोमा सोको अनुमोदन गर्ने निर्णय सर्वसम्मतले गरियो ।

२. यस आ.व. का लागि संघीय समपूरक साझेदारी अनुदान र विशेष अनुदानतर्फ अनुदानका लागि देहाय बमोजिमका योजनाहरु प्रस्ताव गरी पठाउने निर्णय सर्वसम्मतले गरियो ।

क) समपुरक अनुदानका लागि पेश गरिने योजनाको विवरण

| क्र.सं. | योजनाको नाम | अनुमानित कूल लागत रू. |
|---|---|---|
| १ | राइनो पार्क निर्माण (वडा नं. २७/२८) | २०८२१७३९९.३० |
| २ | पूर्व अमृतनगर (वडा नं. २०)-विशाल चोक (वडा नं. २०/२५)-त्रिचोक (वडा नं. २१/२३/२५)-वडा नं. २४ र २५ को सिमाना बाटो-देवीथान-छाते चोक-लेवरनगर स्कुल-चुडामणी सापकोटाको घर हुँदै पर्साढाप बगैंचा (वडा नं. २७) करिव १० कि.मि. कृषि सडक | १२६१९३९३२.८० |
| ३ | हुलाकी सडक (वडा नं. १४), बरौजी चोकबाट पूर्व थारू गाउँदेखि पृथ्वी चोक (वडा नं. १३) र थारू गाउँदेखि कोइराला चोक (वडा नं. १३) र वडा नं. ६ को सिमाना जमरकट्टेल चोकहुँदै जङ्गल सीमाना (वडा नं. ६) — रिङ्गरोडसम्म | १०११४१८५२.६० |
| | जम्मा | ४३५५५३१८४.७० |

ख) विशेष अनुदानका लागि पेश गरिने योजनाको विवरण

| क्र.सं. | योजनाको नाम | अनुमानित कूल लागत |
|---|---|---|
| १ | वडा नं. २० चन्द्रनगर चोक पूर्व रानीपोखरी चोक उत्तर राजु वि.क.को घर दक्षिणतर्फ रानीपोखरीको पश्चिम भाग हुँदै सुरेन्द्र गुरूङ्गको घर दक्षिणतर्फ मंगलबहादुरको घरसम्म २ कि.मी. | २५९८५६११.८५ |
| २ | भरतपुर वडा नं. २४ ध्रुव बजार - किसान चोक वाड नं. २५ - धम्पुस - दुर्गा टोल वडा नं. २४ कालोपत्रे सडक ३ कि.मि. | ३८५११६५१.१० |
| ३ | विरेन्द्रनगर टाउनदेखि (वडा नं. २२/२३) पार्वतीपुर टीकाराम दाहालको घरसम्म (वडा नं. २१) ३ कि.मि. कबाटो सडकखण्ड | ३८५११६५१.१० |
| ४ | भरतपुर केन्द्रिय अस्पताल - आँखा अस्पताल उत्तर सीमादेखि जिल्ला प्रहरी - जि.स.स. कार्यालय - कारागार - विघुत हुँदै हाकीमचोक (पृथ्वीचोक) सम्मको ढल व्यवस्थापन | ५००००००.०० |
| ५ | चिडियाखाना निर्माण (वडा नं. १६) | ३५६४६६२३.५५ |
| | जम्मा | १६२६६९९२५.७५ |

Scanned with CamScanner

३. भरतपुर महानगरपालिकाको वडा नं २९ जुगेडीस्थित् साविक कविलास गा.वि.स. कि. नं. ६० ज. वि. ०-१३-१५ तेह्र कठ्ठा पन्ध्र धुर जग्गालाई आवासीय प्रयोजन र खेतीपाती उपयोग गर्नकोला गि प्रस्तावित जग्गाबाट माटो कटान गरी सम्याएर आवासीय र व्यावसायिक तरकारी खेती गर्ने उद्धेश्यले भरतपुर महानगरपालिका वडा नं १२ बस्ने श्री विमल बहादुर मल्लको नाममा दर्ता रहेको उक्त जग्गामा श्री चेतना इञ्जिनियरिङ सर्भिस प्रा. लि. भरतपुर, चितवनले पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनलाई सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

४. सार्वजनिक-निजी-साझेदारी अवधारणा बमोजिम आर्या बिल्डर्स एण्ड इन्जिनियरिंग प्रा.लि. भरतपुर २ द्वारा निर्माण गरिने भरतपुर मेट्रो प्लाजाको मिति २०७८/९/१४ गते निजी क्षेत्रकोतर्फबाट परामर्शसेवा दाता Architect's studio Pvt. ltd., Lainchaur-2, Kathmandu बाट तयार गरिएको बिस्तृत परियोजना प्रतिबेदन (Detailed Project Report) प्रस्तुतीकरण भइसकेकोले विस्तृत परियोजना प्रतिवेदनको सम्पूर्ण जिम्मेवारी परामर्शसेवा दाता र निजी क्षेत्रको रहने गरी स्वीकार गर्ने निर्णय गरियो। Project Development Agreement (PDA) बमोजिम मिति २०७८/१०/२३ गतेसम्म आर्या बिल्डर्स एण्ड इन्जिनियरिंग प्रा.लि.द्वारा Financial Closure महानगरपालिकामा पेश गर्ने समयावधि रहेको समेत सर्वसम्मतले निर्णय गरियो ।

५. धुर्मुस सुन्तली फाउण्डेसनले गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रङ्गशालाको निर्माण कार्यलाई आर्थिक अभावका कारण अगाडि बढाउन नसकी स्वामित्त्व ग्रहणका लागि निवेदन दिएकोमा सो सम्बन्धमा हालसम्मको भौतिक प्रगतिको यथार्थ मूल्याङ्कन गरी प्राप्त भएको प्रारम्भिक प्रतिवेदन सहित अन्य कागजातहरु नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयमा नगरप्रमुखबाट पठाइएकोमा सोको अनुमोदन गर्ने तथा विस्तृत प्रतिवेदन प्राप्त भएपछि सो समेतलाई पुनः पठाउने निर्णय सर्वसम्मतले गरियो ।

६. भूमिहीन दलित तथा सुकुम्बासीहरुलाई जग्गा वितरण गर्ने र अव्यवस्थित वसोबासीहरुको व्यवस्थापन सम्बन्धमा राष्ट्रिय भूमि आयोग र भरतपुर महानगरपालिका वीच २०७८।९।२४ गते भएको समझदारीलाई स्वीकार गरी सर्वसम्मत रुपमा कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

७. भरतपुर महानगरपालिकाको लागि २५ जना नगरप्रहरी जवान करार सेवामा नियुक्ति गर्न छनौट परीक्षाको सम्पूर्ण प्रक्रिया पूरा गरी अन्तर्वार्ता तथा सूचीकरण समितिबाट सिफारिश भए बमोजिम अन्तिम नतिजा प्रकाशन गर्ने सर्वसम्मतले निर्णय गरियो।

८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट गठित शिक्षक अस्पताल स्थापनाका लागि पूर्व सम्भाव्यता अध्ययन तथा जग्गा पहिचानको लागि समितिबाट स्थलगत अवलोकन गरिएका सार्वजनिक जग्गामध्ये भरतपुर महानगरपालिकाको वडा नं. १५ को भगवानपुरमा रहेको साविक शिवनगर १"क" कित्ता नम्बर ५०, ५१, ५२, ६०, ६१, ६२ र ६३ को श्रेस्ता बमोजिम कायम हुन आएको ८ बिगाहा १६ कठ्ठा (५९६०० वर्ग मिटर) क्षेत्रफलको सार्वजनिक जग्गा शिक्षक अस्पताल स्थापनाको लागि नगरप्रमुखबाट भएको सहमतिलाई अनुमोदन गर्ने निर्णय गरियो।

Scanned with CamScanner

९. कोरियाली सरकार र भरतपुर महानगरपालिका बीच आपसी समझदारी गरी कोरियाली सरकारको आर्थिक तथा प्राविधिक सहयतामा वडा नं. ११ स्थित आँपटारीमा महानगरको समग्र फोहोर व्यवस्थापनका लागि आधुनिक ल्याण्डफिल साइट निर्माण गर्नका लागि धेरै चरणमा र अनौपचारिक सम्वाद भइसकेको अवस्थामा कोरियाली सरकारसँग आवश्यक प्रक्रिया अगाडि बढाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गरी पठाउने निर्णय गरियो।

Scanned with CamScanner